# बेरोजगार निवेदन फाराम माग सम्बन्धी सूचना

आ.व. २०८०/८१ को लागि खजुरा गाउँपालिकामा रहेका बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिन को अस्थायी रोजगारी प्रदान गर्न रोजगार सेवा केन्द्र, खजुरा गाउँपालिकाद्वारा बेरोजगार आवेदन फाराम आहवान गरिएको छ।

| | |
|---|---|
| **फाराम कसले भर्ने** | बेरोजगार रहेको र आ.व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको अस्थायी रोजगारीमा संलग्न हुन ईच्छुक सबै |
| **फाराम कहाँ भर्ने** | सम्बन्धित वडा कार्यालयमा |
| **फाराम कहिले सम्म भर्ने** | २०७९ फाल्गुन मसान्त भित्र |

**स्पष्टिकरण**

- "बेरोजगार व्यक्ति" भन्नाले एक आर्थिक वर्षमा कम्तिमा १०० दिन रोजगारीमा संलग्न नभएको वा तोकीए बमोजिम आए आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ — ५९ वर्ष उमेर समुहको नागरिक बुझ्नु पर्दछ।

- बेरोजगार आवेदन फाराम प्रत्येक वर्ष फाल्गुन महिनामा खुल्ने गर्दछ। त्यसैले विगतका वर्षहरुमा आवेदन फाराम भरेका वेरोजगार व्यक्तिले प्रत्येक वर्ष फाराम भर्न प्रोत्साहन गरिन्छ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनका लागि सार्वजनिक विकास निर्माण तथा मर्मत सम्भार जसतैः सार्वजनिक पूर्वाधार (सडक, विद्यालय, उद्यान) निर्माण, मर्मत, सरसफाई आदि सम्बन्धि रोजगारमुलक काम प्रदान गरिन्छ।

**अनुरोध**

खजुरा गाउँपालिकामा रहेका वास्तविक बेरोजगार व्यक्तिहरुसम्म यो सूचना प्रवाह गरी न्यूनतम रोजगारी सुनिश्चित गर्ने काममा सहजिकरण गरिदिनु हुन सम्पूर्ण सर्वसाधारण तथा नागरिक समाजका व्यक्तिहरुमा अनुरोध गरिन्छ।

खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके।